

# १२ उत्तर दक्षिणदेखि सौन्दर्यात्मक भूमिसम्म

*__यस अध्यायका मूल पदहरू:__* दानिएल ११, दानिएल ८:२-८, २०-२२, यशैया ४६:९,१०, दानिएल ८:८,९ र मत्ती २७:३३:५०।

*__यस अध्यायको मूल सार पद:__* **"बुद्धिमान्‌हरूमध्ये केही लड्नेछन्, यसरी तिनीहरू अन्तको दिनसम्मको लागि खारिऊन्, शुद्ध पारिऊन् र दागरहित बनाइऊन्, किनभने त्यो दिन तोकिएको समयमा आउनेछ।" (दानिएल ११:३५ रूपान्तरित)।**

जब हामी चुनौतिपूर्ण दानिएल ११ अध्याय पढ्‌न सुरू गर्छौं तब त्यो भन्दा अघि केही महत्त्वपूर्ण विषयमा ध्यान दिनु जरुरी हुन्छ।

प्रथमतः, दानिएल ११ अध्याय दानिएलले दिएको पहिलेको भविष्यवाणीको रूपेखाहरूसँग मिल्दछ। अध्याय २,७,८ र ९ जस्तै दानिएल ११को भविष्यवाणीको सन्देश अगमवक्ताका दिनहरूदेखि युगको अन्तसम्म लम्बिएको हुन्छ। दोस्रोमा, क्रमवद्धरूमा उदय भएका विश्वका शक्तिहरूले प्रायजसो परमेश्वरका जनहरूलाई दवाएका हुन्छन्। तेस्रोमा, अगमवाणीको प्रत्येक रूपरेखाको चरमबिन्दु खुशियालिसाथ अन्त्य भएको पाइन्छ। दानिएल २मा भयानक मूर्ति वा शालिकलाई पत्थरले चक्नाचुर पार्दछ, दानिएल ७मा मानिसको पुत्रले राज्य पाउँदछ र दानिएल ८ र ९मा मसीहको कामले गर्दा स्वर्गमा भएको पवित्र मन्दिरको पुनःअर्पण वा शुद्धीकरण गरिन्छ।

अध्याय ११ तिन आधारभूत विषयहरूलाई पछ्याएको छ। पहिलोमाः यस अध्यायको सुरू पर्सिया वा फारसका राजाहरूबाट हुन्छ र तिनीहरूको अन्त्य र युगको अन्त्यको बारेमा चर्चा गर्दछ। त्यसबेला उत्तरका राजाले परमेश्वरको पवित्र पहाडमाथि आक्रमण गर्दछ। दोस्रो, उत्तर र दक्षिणका

राजाहरूको बीचमा हुने युद्धको क्रममा परमेश्वरका जनहरूलाई कसरी प्रभाव पार्छ भनेर बयान गरिएको छ। तेस्रो, जब उत्तरको राजालाई "महिमित पवित्र पहाड"ले (दानिएल ११:४५) सदाको निम्ति अन्त गराउँछ तब खुशीको सन्देश दिँदै त्यो अध्यायलाई निष्कर्षमा पुऱ्याउँछ। यस्तो सकारात्मक निष्कर्षले यो देखाउँछ कि यस संसारमा हुने सबै खालका खराब र दुष्ट तत्वहरूको अन्त्य हुनेछ र परमेश्वरको अनन्तको राज्य स्थापना हुनेछ।

## १. पर्सिया वा फारस र ग्रिसको बारेमा भविष्यवाणीहरू

**दानिएल ११:१-४मा हामी के पढ्छौं जसले दानिएलका अगाडिका केही भविष्यवाणीहरूलाई याद दिलाउँछ। हेर्नुहोस् "१ "मादी दाराको प्रथम वर्षमा उनलाई मदत गर्न र रक्षा गर्न म खड़ा भएँ। २ "अब म तिमीलाई सत्य कुरा बताउँछुः फारसका अरू तीन राजाहरू देखा पर्नेछन् र त्यसपछि ती सबैभन्दा धनी अर्का चौथा पनि निस्कनेछन्। जब उनले आफ्नो सम्पत्तिद्वारा शक्ति प्राप्त गर्नेछन्, उनले सबैलाई ग्रीस राज्यको विरुद्ध उक्साउनेछन्। ३ त्यसपछि एक जना शक्तिशाली राजा खड़ा हुनेछन्, जसले आफ्नो ठूलो शक्तिसाथ शासन गर्नेछन् र जे मन लाग्यो त्यही गर्नेछन्। ४ उनी खड़ा भएपछि, उनको साम्राज्य टुक्रिनेछ र स्वर्गका चार बतासतिर बाँड़िनेछ। त्यो उनका सन्तानहरूले पाउनेछैनन्, न त उनले चलाएको अधिकार त्यसको हुनेछ, किनभने उनको साम्राज्य जरैसमेत उखेलिनेछ र अरूलाई दिइनेछ।"**

तीन जना राजाहरू फारसी वा पर्सियाबाट उदय हुनेछन् भनेर दानिएललाई गाब्रिएलले बताउँछन्। ती तीन राजापछि चौथो राजा हुनेछ जो सबैभन्दा धनी हुनेछ र ग्रिसलाई रिस उठाउनेछ। कोरेश वा साइरस राजापछि तीन जना राजाहरूले एक पछि अर्को गर्दै शासन गरेका थिए: क्याम्बियसिस (ई.पू. ५३०-५२२), फाल्स स्मरडिस (ई.पू. ५२२) र दारियस वा दारा एक (ई.पू. ५२२-४८६)। चौथो राजा जरेक्सेस जसलाई एस्थरको पुस्तकमा अहेसारस भनेर कहलाइन्छ। उनी धेरै धनी थिए (एस्थर १:१-७) र ग्रिसलाई हमला गर्न आफ्नै सैनिकहरूलाई पठाएका थिए। यो भविष्यवाणी गरे अनुसारै भएको थियो। तर उनी जतिसुकै शक्तिशाली भएतापनि ग्रिसका थोरै महसुर सैनिकहरूले प्रतिकार गरेका थिए।

दानिएल ११:३ अनुसार उदय हुने राजा अलेकजेण्डर महान् अत्यन्तै शक्तिशाली राजा थिए। पौराणिक संसारमा उनी अत्यन्तै शक्तिशाली र

सर्वमान्य शासक थिए। उनको मृत्यु केवल ३२ वर्षको उमेरमा भएको थियो। उनी पछि उनको विश्वसाम्राज्य कसले सम्हाल्ने भन्ने उत्तराधिकारी उनले छोडेका थिएनन्। त्यसले गर्दा उनको राज्य चार जना सेनापतिहरूको बीचमा बिभाजित भएको थियो। सेल्यकसले सिरिया र मेसोपोटामिया, पटोल्मीले इजिप्ट, लिसीमाकसले थ्रेस र एशिया माइनरका केही भागहरू र क्यासान्दरले म्यासडोनिया र ग्रिसको शासन हातमा पारेका थिए।

**देहायका पदहरू पढ्नुहोस्।यहाँ उल्लेख गरिएको शक्ति अलेकजेण्डर महान् नै हुन् भनेर तुलनात्मकरूपमा हेरेर कसरी ठम्याउने? हेर्नुहोस्, दानिएल ११:२-४: "२ "अब म तिमीलाई सत्य कुरा बताउँछुः फारसका अरू तीन राजाहरू देखा पर्नेछन् र त्यसपछि ती सबैभन्दा धनी अर्का चौथा पनि निस्कनेछन्। जब उनले आफ्नो सम्पत्तिद्वारा शक्ति प्राप्त गर्नेछन्, उनले सबैलाई ग्रीस राज्यको विरुद्ध उक्साउनेछन्। ३ त्यसपछि एक जना शक्तिशाली राजा खड़ा हुनेछन्, जसले आफ्नो ठूलो शक्तिसाथ शासन गर्नेछन् र जे मन लाग्यो त्यही गर्नेछन्। ४ उनी खड़ा भएपछि, उनको साम्राज्य टुक्रिनेछ र स्वर्गका चार बतासतिर बाँड़िनेछ। त्यो उनका सन्तानहरूले पाउनेछैनन्, न त उनले चलाएको अधिकार त्यसको हुनेछ, किनभने उनको साम्राज्य जरैसमेत उखेलिनेछ र अरूलाई दिइनेछ।", ८:३-८ "३ मैले हेरें, र मेरो सामु नहरको छेउमा उभिरहेको दुई सीङ भएको एउटा भेड़ा थियो, र ती सीङहरू लामा थिए। तीमध्ये एउटा अर्कोभन्दा लामो थियो, तर त्यो पछि उम्रेको थियो। ४ त्यो भेड़ाले पश्चिम र उत्तर र दक्षिणतिर हानिरहेको मैले हेरें। त्यसको विरुद्धमा कोही पनि खड़ा हुन सकेन र कसैले पनि त्यसको शक्तिबाट छुटाउन सकेन। त्यसले जे इच्छा लाग्यो, त्यही गर्‍यो र महान् बन्यो। ५ जसै मैले यसबारे विचार गर्दैथिएँ, अचानक आँखाहरूका बीचमा एउटा विशेष सीङ भएको एउटा बोका जमिनलाई नछोईकन पूरा पृथ्वीलाई पार गर्दै पश्चिमबाट आयो। ६ मैले देखेको नहरको छेउमा खड़ा भएको दुई सीङे भेड़ातिर त्यो आयो र ठूलो झोंकले त्यसलाई हान्यो। ७ रीसले चूर भई त्यसले भेड़ालाई आक्रमण गरी हानेर त्यसका दुई वटै सीङ भाँचिदिएको मैले देखें। त्यसको विरुद्ध खड़ा हुन त्यो भेड़ा शक्तिहीन थियो। त्यस बोकाले त्यसलाई जमिनमा पछारिदियो र त्यसमाथि टेक्यो, र त्यसको शक्तिबाट भेड़ालाई छुटाउन कसैले पनि सकेन। ८ त्यो बोका अति ठूलो भयो, तर त्यसका शक्तिको चरम सीमामा त्यसको विशाल सीङ भाँचियो र त्यसको सट्टामा आकाशका चारै बतासतर्फ विशेष सिङहरू उम्रे।" र**

२०-२२ "२० तिमीले देखेको त्यस दुई सीडे भेड़ाले मादी र फारसका राजाहरूलाई जनाउँछ। २१ त्यो रौंले ढाकेको बोकाचाहिँ ग्रीसको राजा हो, र त्यसका आँखाका बीचमा भएको ठूलो सीङ त्यसको प्रथम राजा हो। २२ त्यस भाँचिएको सीङको सट्टामा उम्रेका चार सीङहरूचाहिँ त्यसैबाट निस्केका चार राज्यहरू हुन्, तर पहिलो राज्यजस्तो ती बलिया हुनेछैनन्।"

यहाँ दिइएका विभिन्न नाउँहरूः मितिहरू, स्थानहरू र ऐतिहासिक घट्नाबाट हामी के सिक्छौं? पहिलो त, परमेश्वरका दूतले भविष्यवाणी गरे अनुसार भविष्यवाणी पूरा **भएको छ**। परमेश्वरको वचन कहिल्यै पनि खेर जादैन। दोस्रो, हाम्रो परमेश्वर इतिहासको प्रभु वा स्वामी हुनुहुन्छ। यस संसारमा चलेका राजनैतिक शक्ति, अगुवा र राज्यहरू कुनै बादशाह, निरंङ्कुश शासक वा अनेकौं दर्शन, वाद र सपना बोकेका राजनेता वा दार्शनिकहरूका प्रभावले चलिरहेका छन् भन्ने हामी सोच्दछौं। तर यस संसारका इतिहासका पाङ्ग्राहरू परमेश्वरको उद्देश्य अनुसार चलाउने आखिरी जिम्मा उहाँकै हो भनेर बाइबलले प्रकट गर्दछ। पछि यस पृथ्वीमा भएका अवान्छित तत्व वा पाप, अधर्म अन्याय, अत्याचार दुष्ट आदिको अन्त्य भएरै छोड्छ र परमेश्वरको राज्य सदाको निम्ति स्थापना हुनेछ।

## २. सिरिया र इजिप्टको बारेमा भविष्यवाणी

दानिएल ११:५-१४मा के कुरो प्रष्ट्याइएको छ? हेर्नुहोस्, "५ "दक्षिणका राजा बलिया हुनेछन्, तर उनका सेनापतिहरूमध्ये एक जना उनीभन्दा अझ बलिया हुनेछन् र ठूलो शक्तिसाथ तिनले आफ्नै राज्यको शासन गर्नेछन्।
६ केही वर्षपछि उनीहरू मित्र बन्नेछन्। एउटा सन्धि गर्नका लागि दक्षिणका राजाकी छोरी उत्तरका राजाकहाँ जानेछिन्, तर तिनले आफ्नो शक्ति कायम गर्नेछैनन्, र उनी र उनको शक्ति दिगो रहनेछैनन्। ती दिनमा तिनका राजकीय रक्षकहरू र तिनका पिता र तिनका समर्थकका साथ तिनी सुम्पिइनेछिन्। ७
"तिनको स्थान लिनका निम्ति एक जना तिनको वंशबाट उठ्नेछन्। उनले उत्तरका राजाको सैन्य शक्तिमाथि आक्रमण गर्नेछन् र उनको किल्लाभित्र प्रवेश गर्नेछन्। उनले तिनीहरूका विरुद्ध लड़ाइँ गर्नेछन् र विजयी हुनेछन्। ८ उनले तिनीहरूका देवताहरू, तिनीहरूका फलामे मूर्तिहरू र चाँदी र सुनका बहुमूल्य भाँड़ाकुँड़ाहरू पनि जफत गर्नेछन् र मिश्रदेशतिर लैजानेछन्। केही वर्षका लागि उनले उत्तरका राजालाई छोड्नेछन्। ९ तब उत्तरका राजाले दक्षिणका राजाको

**राज्यमाथि हमला गर्नेछन् तर उनी आफ्नै देशमा फर्कनेछन्। १० उनका छोराहरूले लड़ाइँको लागि तयार गर्नेछन् र विशाल सेना जम्मा गर्नेछन्, जसले रोक्न नसक्ने बाढ़ले झैं जित्दै किल्लासम्मै लड़ाइँ पुऱ्याउनेछ। ११ "तब दक्षिणका राजा क्रोधित भएर उत्तरका राजाको विरुद्धमा लड़ाइँ गर्न निस्कनेछन्, जसले ठूलो सेना उठाउनेछन् तर त्यो सेना हार्नेछ। १२ जब त्यो सेना लगिन्छ, दक्षिणका राजाले घमण्डले फुलेर हजारौंलाई मार्नेछन्, तैपनि उनी विजयी रहनेछैनन्। १३ किनभने उत्तरका राजाले पहिलोभन्दा ठूलो सेना तयार गर्नेछन् र केही वर्षपछि उसले सामानले सुसज्जित एउटा ठूलो भयङ्कर सेनासित अगि बढ्नेछन्। १४ "ती दिनहरूमा धेरै जना दक्षिणका राजाको विरुद्धमा उठ्नेछन्। यो दर्शन पूरा गर्न तिम्रो आफ्नै जातिका मानिसहरूमध्येबाटै हिंसात्मक मानिसहरू निस्कनेछन् तर सफल हुनेछैनन्।"**

विश्वविख्यात बीर कहलाइएका र चक्रवर्ती विश्वसम्राट अलेकजेण्डर महानको केवल ३२ वर्षको उमेरमा मृत्युभएपछि उनको ठूलो ग्रीस साम्राज्य उनका चार जना सेनापतिहरूले राज्य गर्न चार भाग लगाएका थिए। ती मध्ये दुई जना सेल्युकसले सिरियामा राज गरे जुन उत्तरतिर थियो भने प्टोल्मीले दक्षिणमा रहेको इजिप्ट वा मिश्र देशामा आफ्नो अधिकार जमाए।

ती दुई बंशका मानिसहरू अर्थात् उत्तर र दक्षिणी राष्ट्रहरूको बीचमा भएको युद्ध दानिएल ११:५-१४मा भविष्यवाणी गरे अनुसार नै पूरा भएको थियो भनेर प्रायजसो बाइबलका सबै विद्वानहरूले बुझेका छन्। भविष्यवाणी अनुसार नै ती दुई बंशहरूले बिवाहद्वारा एक हुने प्रयास गर्नेछन् तर तिनीहरूको एकता केवल थोरै समयको निम्ति मात्र हुन्छ भनेर दानिएल ११:६मा भविष्यवाणी गरिएको छ। सेल्युकस प्रथमको नाती आन्टिओकस दोस्रो थियोज (ई. पू. २६१-२४६)मा इजिप्टका राजा प्टोल्मी दोस्रो फिलाडेल्फसकी छोरी बर्निससँग विवाह गरेका थिए भनेर इतिहासले हामीलाई बताउँदछ। तर तिनीहरूको बीचमा गठबन्धन धेरै समयसम्म रहेन र परमेश्वरका जनहरू समावेश भएको झगडामा तिनीहरू मुछिएका थिए। त्यसकारण दानिएल दृश्यबाट बिलाएको सयौं वर्षपछिको दौरानमा परमेश्वरका जनहरूको जीवनलाई असर पर्ने गरि केही महत्त्वपूर्ण घट्नाहरू हुनेछन् भनेर दानिएल ११ले चर्चा गर्दछ।

सायद हामी सोध्नसक्छौं होला, हैन, प्रभुले दानिएललाई संसारको त्यस भागमा भएका राज्यहरूको बीचमा प्रभुत्वको निम्ति हुने युद्धको विस्तृत विवरण किन प्रकट गर्नुभयो होला? त्यसको कारण सरल छः *ती युद्धहरूले परमेश्वरका जनहरूलाई प्रभाव पार्थे।* त्यसकारण उहाँका जनहरूले के कस्ता धेरै चुनौतिहरूको सामना गर्नुपर्नेछ भनेर परमेश्वरले सयौं वर्ष अघि सूचित गर्नुभएको थियो। परमेश्वर इतिहासको पनि परमेश्वर हुनुहुन्छ। जब भविष्यवाणीमा दिइएका विवरणहरू अनुसार यदि ऐतिहासिक वृतान्तहरूलाई तुलना गरेर हेऱ्यौं भने जे जे भएका थिए ती भविष्यवाणी अनुसार नै पूरा भएका थिए भनेर हामी बुझ्न सक्छौं। एक आपसमा युद्ध गरेर ग्रीक सभ्यताका राष्ट्रहरूमा हुने उथलपुथल वारे भविष्यवाणी गरेर देखाउने परमेश्वर, भविष्यको ज्ञान भएका परमेश्वर भनेर हामी स्वीकार्दछौं। हाम्रो विश्वास, भरोसा र आस्थाको योग्य उहाँ हुनुहुन्छ। उहाँ महान् परमेश्वर हुनुहुन्छ। उहाँ मानिसले कल्पना गरेर उत्पादन गरेका साना ठूला मूर्ति वा भगवान् हुनुहुन्न। विश्वमा भइरहेको ऐतिहासिक घट्नाहरू कुन मोडमा जानुपर्छ उहाँले नै निर्देशित गर्नुहुन्छ भन्ने मात्र होइन यदि हाम्रो जीवनमा उहाँलाई काम गर्न दियौं भने उहाँले हाम्रो जीवन पनि कुन् मोडमा जानुपर्ने हो सो निर्देशित गर्नुहुन्छ।

**यशैया ४६:९,१० पढ्नुहोस्। आधारभूत इसाई शिक्षादीक्षा यी दुई पदहरूमा समावेश भएका छन्। तिनीहरूबाट हामीले कस्तो महान् आशा पाउन सक्छौं? यदि परमेश्वर दयालु, मायालु र करुणामय हुनुभएन भने पद १० कस्तो भयावह हुने थियो होला? हेर्नुहोस्ः "९ अघि-अघिका पुराना कुराहरूलाई सम्झ। म परमेश्वर हुँ, र अरू कोही छैनँ। म परमेश्वर हुँ, मजस्तै अरू कोही छैन। १० आदिदेखि अन्तसम्मको, र प्राचीन समयदेखि हुन आउनेसम्मको जानकारी म दिन्छु। म भन्छुः मेरो अभिप्राय ठहर्नेछ, र मैले चाहेको सबै पूरा गर्नेछु।"**

## ३. रोम र करारको राजकुमार

**दानिएल ११:१४-२८मा उल्लेख गरिएका पदहरू बुझ्न कठिन भएतापनि त्यहाँ उल्लेख गरिएका चित्र वा रुपहरू दानिएलको पुस्तकमा अन्त कतै पनि उल्लेख गरिएका छन्? हेर्नुहोस् "१४ "ती दिनहरूमा धेरै जना दक्षिणका राजाको विरुद्धमा उठ्नेछन्। यो दर्शन पूरा गर्न तिम्रो आफ्नै जातिका मानिसहरूमध्येबाटै हिंसात्मक मानिसहरू निस्कनेछन् तर सफल हुनेछैनन्। १५**

त्यसपछि उत्तरका राजा आएर घेरा मचान बनाई पर्खालले घेरिएको सहरलाई कब्जा गर्नेछन्। दक्षिणको सेना त्यसको सामना गर्न शक्तिहीन हुनेछ, तिनीहरूका उत्कृष्ट टोलीहरू पनि खड़ा हुन सक्नेछैनन्। १६ आक्रमणकारीले इच्छा लागेअनुसार गर्नेछन्, कोही पनि उनको विरुद्ध खड़ा हुन सक्नेछैन। उनले आफैलाई त्यो सुन्दर देशमा बसाल्नेछन् र उनीसित त्यसलाई नाश गर्ने शक्ति हुनेछ। १७ उनले आफ्नो सम्पूर्ण राज्यको शक्तिसाथ आउने निर्णय गर्नेछन् र दक्षिणका राजासँग सन्धि गर्नेछन्। अनि त्यो राज्य पराजित गर्नलाई उनले आफ्नी छोरी तिनलाई विवाह गर्न दिनेछन्, तर उनको योजना सफल हुनेछैन न त उनलाई मदत नै हुनेछ। १८ तब उनले आफ्नो ध्यान समुद्री किनारका देशहरूतिर लगाउनेछन् र तीमध्ये धेरैलाई लिनेछन्, तर एउटा सेनापतिले उनको उच्चोपनको अन्त गर्नेछन् र उनको उच्चोपन उनीमाथि नै फर्काउनेछन्। १९ यसपछि उनी आफ्नै देशका किल्लाहरूतर्फ फर्कनेछन्, तर फेरि कहिल्यै नदेखिने गरी उनी ठेस खानेछन् र पतित हुनेछन्। २० राजकीय वैभवलाई कायम राख्न उनका उत्तराधिकारीले एक जना कर उठाउने व्यक्तिलाई पठाउनेछन्। तर केही वर्षमा नै कुनै रीसभाव वा लड़ाइँमा नपरीकनै यिनी नाश गरिनेछन्। २१ "राजकीय सम्मान नपाएको एक तिरस्कृत व्यक्तिद्वारा उनको स्थान लिइनेछ। जब मानिसहरूले सुरक्षाको महसूस गरिरहेका हुनेछन्, त्यसले त्यस राज्यमाथि आक्रमण गर्नेछ र त्यसले षड्यन्त्रद्वारा त्यस राज्यलाई लिनेछ। २२ त्यसपछि त्यसको सामु एउटा शक्तिशाली सेना खतम पारिनेछ, र साथै करारका राजकुमार पनि नाश गरिनेछन्। २३ त्यससँग सन्धि गरिसकेपछि त्यसले छलपूर्ण तरीकाले काम गर्नेछ र थोरै मानिसहरूसहित त्यसले अधिकार जमाउनेछ। २४ सबैभन्दा धनी प्रान्तहरूले सुरक्षाको महसूस गरिराखेको बेला त्यसले तिनीहरूमाथि आक्रमण गर्नेछ, र त्यसका पिता-पुर्खाहरूले नगरेका काम त्यसले गर्नेछ। त्यसले लुटेका सामान र सम्पत्तिहरू आफ्नो पछि लाग्नेहरूका बीचमा बाँड्नेछ। त्यसले किल्लाहरूका हारको निम्ति षड्यन्त्र गर्नेछ– तर थोरै समयको लागि मात्र। २५ "ठूलो सेनाका साथ दक्षिणका राजाको विरुद्ध त्यसले आफ्नो बल र साहसलाई उत्तेजित पार्नेछ। दक्षिणका राजाले एक विशाल र अत्यन्तै शक्तिशाली सेना उठाएर लड़ाइँ गर्नेछन्, तर उनको विरुद्धमा रचिएका षड्यन्त्रको कारण उनी खड़ा हुन सक्नेछैनन्। २६ उनकै खाना खानेहरूले उनलाई नष्ट पार्न प्रयत्न गर्नेछन्। उनको सेना परास्त गरिनेछ र धेरै जना लड़ाइँमा मर्नेछन्। २७ ती दुई राजाहरू दुष्ट हृदय लिएर एउटै टेबिलमा बसेर

**एक-अर्कासँग झूट बोल्नेछन्, तर कुनै लाभ मिल्नेछैन, किनभने अन्तको दिनचाहिँ तोकिएको समयमा नै आउनेछ। २८ ठूलो सम्पत्तिको साथ उत्तरको राजा आफ्नै देशमा फर्कनेछ, तर त्यसको हृदय पवित्र करारको विरुद्ध हुनेछ। त्यसले यसको विरुद्ध काम गर्नेछ, अनि आफ्नै देशमा फर्कनेछ।"**

ग्रीसका राजाहरूको शक्ति मूर्तिपूजा गर्ने रोममा सरेको चित्रण दानिएल ११:१६मा देखिन्छ "आक्रमणकारीले इच्छा लागेअनुसार गर्नेछन्, कोही पनि उनको विरुद्ध खड़ा हुन सक्नेछैन। उनले आफैलाई त्यो सुन्दर देशमा बसाल्नेछन् र उनीसित त्यसलाई नाश गर्ने शक्ति हुनेछ।" सुन्दरदेश भन्नाले यरुशलेमलाई बुझाउँदछ। त्यस क्षेत्रमा पौराणिक इस्राएलीहरू बसोबास गरेका थिए। नयाँ शक्तिले त्यस क्षेत्रलाई कब्जा गर्नेछ भनेको सनातन परमेश्वरप्रति श्रद्धा नराख्ने मूर्तिपूजा गर्ने रोमको शक्तिलाई जनाउँछ। सानो सिङले आफ्नो शक्ति फैलाउँदै सुन्दर भूमिमा फेलिएको भनेर दानिएल ८:९ले पनि त्यही घट्नालाई बुझाउँदछ। त्यसकारण यरुशलेममाथि आक्रमण गरेर त्यसमाथि शासन गर्ने विश्व शक्ति मूर्तिपूजा गर्ने रोम नै हो भनेर हामी ठम्याउन सक्छौं।

यस धारणालाई सत्य सावित गर्न बाइबलमा अरू थप प्रमाणहरू पनि छन्। जनतालाई करको भार लगाउने राजा कैसर वा सिजर अगस्टस हुनुपर्छ। उनको राज्यकालमा येशूको जन्म भएको थियो (तत्कालीन समयमा युशूफ र मरियमको यात्रा करिब १०५ किलोमिटर थियो अर्थात् त्यसको लागि तिनीहरूलाई पाँच दिन जति लागेको थियो भनेर बाइबलका विद्वानहरू बताउँछन् । तिनीहरू नासरथबाट युशूफको पुर्खौली भूमि बेथलेहममा गएका थिए-अनुवादकको खोज)।

भविष्यवाणी अनुसार ती शासक पछि तिरस्कृत वा नैतिक पतन र भ्रष्ट (दानिएल ११:२०) भएका राजाले शासन गर्नेछन् भनेर उल्लेख गरिएको छ। अगस्टसपछि उनको धर्मपुत्र टाइबेरियसले राज्य गरेका थिए भनेर इतिहासले बताउँछ। टाइबेरियस सन्की, भ्रष्ट र कसैले मननपराउने राजा भनेर कहलाइन्छन्।

महत्त्वपूर्ण विषय त के थियो भने बाइबलमा उल्लेख गरिए अनुसार यही टाइबेरिसकै शासनकालमा "करारको राजकुमारलाई" नाश गर्नेछन् वा टुक्राउनेछन् भनेर उल्लेख गरिएको छ (दानिएल ११:२२)। यो येशू ख्रीष्टको मृत्यु क्रुसमा हुनेछ भनेर जनाइएको थियो भन्ने स्पष्ट छ। उहाँलाई "राजकुमार मसीह" भनेर पनि सम्बोधन गरिएको छ (दानिएल ९:२५, मत्ती २७:३३-

५०)। सम्राट् टाइबेरियसकै राज्यकालमा येशूलाई मारिएको थियो। करारको राजकुमारलाई के गरिनेछ भनेर भनिए अनुसार भविष्यवाणी पूरा भएकोले बाइबलमा लेखिएको भविष्यवाणीका घट्नाहरूको प्रवाह कसरी पूरा भइरहेको छ भन्ने ज्ञान परमेश्वरलाई अगावै थाहा थियो भन्ने शक्तिशाली प्रमाण त्यसले देखाउँछ। भविष्यवाणी अनुसार जे जे भयो त्यसमा परमेश्वर ठिक हुनुहुन्थ्यो भनेर हामीले थाहा पाएकोले भविष्यमा पनि उहाँले भन्नुभए अनुसार नै सबै पूरा हुनेकुरामा हामी आशावादी, विश्वस्त र निश्चित छौं।

**राजनैतिक र ऐतिहासिक घट्नाहरूको बीचमा "करारको राजकुमार" नासरथको येशूलाई ती पदहरूमा प्रकट गरिएको छ। सबै राजनैतिक, आत्मिक र सामाजिक उथलपुथलको बीचमा येशू ख्रीष्ट नै बाइबलको केन्द्रविन्दु हुनुभएको हामी कसरी बुझ्न सक्छौं?**

## ४. अर्को शक्ति

**विश्व साम्राज्य मूर्तिपूजक रोम पछि अर्को शक्तिको उदय हुन्छ भनेर दानिएल ११:२९-३९मा उल्लेख गरिएको छ। त्यो के हो? हेर्नुहोस्, "२९ "तोकिएको समयमा त्यसले फेरि दक्षिणमा हमला गर्नेछ, तर यस पल्टको परिणाम पहिलाको भन्दा फरक हुनेछ। ३० पश्चिमी किनारका देशहरूबाट त्यसको विरुद्धमा जहाजहरू आउनेछन्, र त्यसले हरेस खानेछ। तब फर्केर पवित्र करारको विरुद्धमा त्यसले आफ्नो रीस पोख्नेछ। त्यो फर्कनेछ र त्यसले पवित्र करार त्याग्नेहरूलाई कृपा देखाउनेछ। ३१ "त्यसको सशस्त्र सेना मन्दिरको किल्लालाई बिटुलो पार्न खड़ा हुनेछ र दैनिक बलिदान रोक्नेछ। त्यसपछि तिनीहरूले विनाशकारी घृणित थोकको स्थापना गर्नेछन्। ३२ करार भङ्ग गर्नेहरूलाई त्यसले झूठो प्रशंसा गरेर भ्रष्ट पार्नेछ, तर आफ्ना परमेश्वरलाई चिन्नेहरूले दृढतासाथ त्यसको विरोध गर्नेछन्। ३३ "जो बुद्धिमान् छन्, तिनीहरूले धेरै मानिहरूलाई शिक्षा दिनेछन्, यद्यपि केही समयको लागि तिनीहरू तरवारको शिकार बन्नेछन् वा आगोले जलाइनेछन् वा कैदमा पर्नेछन् वा लुटिनेछन्। ३४ जब तिनीहरू यसमा लड्नेछन्, तिनीहरूले थोरै सहायता पाउनेछन्, र जो ईमानदार छैनन्, उनीहरू सामेल हुनेछन्। ३५ बुद्धिमान्हरूमध्ये केहीले ठेस खानेछन्, यसरी तिनीहरू अन्तको दिनसम्मको लागि खारिऊन्, शुद्ध पारिऊन् र दागरहित बनाइऊन्, किनभने त्यो दिन तोकिएको समयमा आउनेछ। ३६ "त्यस राजाले जे मन लाग्यो त्यही गर्नेछ। उसले आफैलाई हरेक देवभन्दा**

**माथि उचाल्नेछ र देवहरूका पनि परमेश्वरको विरुद्धमा कहिल्यै नसुनिएका कुरा गर्नेछ। क्रोधको समय समाप्त नहोउञ्जेल त्यो सफल हुनेछ, किनभने जे निश्चय गरिएको छ, त्यो पूरा हुनैपर्छ। ३७ आफ्ना पिता-पुर्खाहरूका देवहरू वा स्त्रीहरूले रुचाएका देवको पनि उसले वास्ता गर्नेछैन, न त उसले कुनै पनि देवको वास्ता गर्छ, तर त्यसले आफैलाई ती सबैभन्दामाथि उचाल्नेछ। ३८ तिनीहरूका सट्टा उसले किल्लाहरूको एउटा देवतालाई मान गर्नेछ, आफ्ना पिता-पुर्खाले नजानेको देवतालाई सुन र चाँदी, बहुमूल्य पत्थरहरू र दामी उपहारहरू चढ़ाएर मान गर्नेछ। ३९ उसले एक विदेशी देवताको सहायताले सबैभन्दा शक्तिशाली किल्लाहरूमाथि आक्रमण गर्नेछ र उसलाई मान्नेहरूलाई उसले ठूलो सम्मान गर्नेछ। उसले उनीहरूलाई धेरै मानिसहरूमाथि शासकहरू तुल्याउनेछ र एउटा मूल्यमा जमिन वितरण गर्नेछ।"**

माथी उल्लेख गरिएको शक्ति नयाँ शक्ति वा प्रणाली हो। यसले मूर्तिपूजक रोमी साम्राज्यको शक्तिलाई केही हदसम्म निरन्तरता दिनेछ र अघिल्लो राजाका केही स्वभावहरू लिनेछन्। तर केही पक्षहरूलाई केलाएर हेरियो भने त्यो शक्ति अरूभन्दा फरक देखिन्छ। बाइबलले स्पष्टसँग उल्लेख गर्दछ कि "त्यो शक्ति न त पहिलोको जस्तो न त पछिको जस्तो हुनेछ" (दानिएल ११:२९ रूपान्तरित)। जब हामी अगाडि हेर्नेछौं, त्यो शक्ति खास गरेर राजनैतिक शक्ति नभएर धार्मिक शक्ति हो भनेर पहिल्याउनेछौं। विशेष गरेर यसले परमेश्वर र उहाँका जनलाई आक्रमण गर्नेछ भनिएको छ। यस राजाको केही क्रियाकलापहरूलाई हेरौं।

पहिलो त, उसले "पवित्र करारको बिरुद्धमा रिस पोख्नेछ" (दानिएल ११:३०) भनिएको छ। यो परमेश्वरले तर्जुमा गर्नु भएको मुक्तिको करार हुनसक्छ जुन त्यस राजाले विरोध गर्दछ।

दोस्रो, त्यस राजाले त्यस्ता बलहरू निकाल्नेछ जसले "पवित्र मन्दिरलाई प्रदुषित पार्नेछ" र "दैनिक बलिलाई" दानिएल ८:११) हटाउनेछ। स्वर्गमा रहेको पवित्र मन्दिरमा येशूको सेवाकार्यको विरुद्धमा यसले आत्मिक आक्रमण गर्दछ भनेर बुझ्नु आवश्यक छ।

तेस्रो, त्यस शक्तिले परमेश्वरको मन्दिरलाई आक्रमण गरेर "त्यहा नाशवान वा विनाशकारी घृणित कुराहरू" राखिदिनेछ। जब दानिएल ८:१३मा उल्लेखित सानो सिङले गर्ने "उजाड पार्ने बिद्रोह"सँग तुलना गर्दा त्यसको अर्थ

त्यसले परमेश्वरप्रति हुनुपर्ने श्रद्धा व धर्मत्याग र विद्रोहको कामलाई औंल्याउँछ।

चौथो, त्यस शक्तिले परमेश्वरका जनहरूलाई सताउनेछ। कतिपय मैहुँ भन्ने बाइबल धर्मशास्त्रको खुरन्दर विद्वान तथा आस्थावान मानिसहरू ढल्नेछन् तर तिनीहरूलाई प्रसोधित वा खारिन र शुद्ध गर्न र अन्तको समयसम्म सेतो वस्त्र लगाइदिन त्यो अवस्थामा तिनीहरूलाई पारिनेछ (दानिएल ११:३५)। यसलाई नियाल्दा सानो सिङले सेनाका केही जवानहरू वा परमेश्वरका जनहरू र केही ताराहरूलाई खसालेर कुल्चिदिनेछ भन्ने सन्देशलाई याद दिलाउँछ (यस सम्बन्धमा दानिएल ८:१०सँग दानिएल ७:२५ तुलना गर्नु जरुरी हुन्छ "स्वर्गका सेनाहरूसम्म नपुगुञ्जेल त्यो (सानो सिङ) बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले कुल्च्यो।" (दानिएल ८:१०) र "उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्ने प्रयत्न गर्नेछ। पवित्र जनहरू साढे तीन वर्षसम्म उसको हातमा सुम्पिइनेछन्।" (दानिएल ७:२५)) यसलाई अचम्म मान्नु हुदैन किनकि त्यो सानो सिङले परमेश्वरको बिरुद्धमा बडे बडे अपशब्दहरू बोल्नेछ भनेर पनि तोकिएको छ (दानिएल ७:८ र ७:२५)।

**दानिएल ७ र ८ अनुसार येशूलाई मार्ने र उहाँका जनहरूमाथि विध्वंस मच्चाउने शक्ति कुन हो भनेर तुलना गरेर ठम्याउन सक्छौं। त्सय परिप्रेक्ष्यमा मानिसहरूले हामीलाई जुनसुकै सामाजिक, दार्शनिक, राजनैतिक आदि दवाव दिएर त्यस शक्तिको पहिचानबाट नअलमलिन हामी कसरी दिगो भएर बस्ने?**

## ५. युगको अन्तमा हुने घट्नाहरू

**दानिएल ११:४०-४५ पढेर त्यहाँ के भइरहेको छ सो सोच्नुहोस् " ४० “अन्तको समयमा दक्षिणका राजाले ऊसँग लड़ाइँ गर्नेछन्, र उत्तरको राजा रथहरू, घोड़चढ़ीहरू र धेरै जहाजहरू लिएर उनको विरुद्धमा आँधीझैं आउनेछ। उसले धेरै देशहरूलाई आक्रमण गर्नेछ, ऊ बाढ़ीझैं तिनीहरूमाथि बग्नेछ। ४१ उसले त्यस सुन्दर देशलाई पनि हमला गर्नेछ। धेरै देशहरूको पतन हुनेछ, तर एदोम, मोआब र अम्मोनका अगुवाहरूचाहिँ उसको हातबाट बचाइनेछन्। ४२ उसले धेरै देशहरूमाथि आफ्नो शक्ति फैलाउनेछ, मिश्रदेश उम्कनेछैन। ४३ उसले लिबियालीहरू र कूशीहरूलाई अधीनमा पारेर मिश्रदेशका सुन र चाँदी र**

**सबै सम्पत्तिहरू आफ्नो नियन्त्रणमा लिनेछ। ४४ तर पूर्व र उत्तरबाट आएका खबरहरूले उसलाई तर्साउनेछन् र ऊ अति क्रोधित भएर धेरैलाई विनाश र नामेट पार्न अगि बढ्नेछ। ४५ उसले त्यस सुन्दर पवित्र पर्वतमा समुद्रहरूका बीचमा आफ्ना राजकीय पालहरू खड़ा गर्नेछ। तापनि उसको अन्त हुनेछ र कसैले पनि उसलाई सहायता गर्नेछैन।"**

यहाँ दिइएका केही वाक्यहरूले माथिको अंशलाई बुझाउन सहयोग गर्दछ: "अन्तको समय" भन्ने कथन केवल दानिएलको पुस्तकमामात्र पाइन्छ (दानिएल ८:१७, ११:३५, ४०, १२:४,९)। उक्त दानिएलका भविष्यवाणीहरूलाई केलाएर हेर्दा अन्तको समय भनेको सन् १७९८मा भएको पोपतन्त्रको पतनदेखि मरेकाहरूको पुनरुत्थान नहुञ्जेलसम्म फैलिएको समयलाई देखाउँछ (दानिएल १२:२)।

***उत्तरका राजा:*** भौगोलिक रूपमा हेर्ने हो भने यसले सेल्युसिड बंशलाई देखाउँछ तर यसले मूर्तिपूजा गर्ने शक्ति र अन्तमा रोमको पोपीय शासनपद्धतिलाई देखाउँछ। यथार्थमा यस कथनमा भौगोलिक क्षेत्रलाई नऔंल्याइएको परिप्रेक्ष्यले परमेश्वरका जनहरूको आत्मिक शत्रुहरूलाई देखाउँछ। हामीले यो पनि ख्याल गर्नुपर्छ कि पूर्वका राजा भनेको सत्य परमेश्वरको नक्कली रूप हो। यस जीवलाई साङ्केतिक रूपले बाइबलमा उत्तरसँग वा विहानको तारासँग जोडेको छ। (यशैया १४:१२ " १२ ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। १३ तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।" यशैया १४:१२-१४)।

***दक्षिणका राजा:*** पहिले यो इजिप्टको प्टोलेमिक बंशलाई सम्बोधन गरिएको थियो। यो पवित्र सहरको दक्षिणतिर पर्दछ। तर भविष्यवाणीलाई उघारेर हेर्दा यसको निम्ति धार्मिक पक्षबाट हेरिनु जरुरी छ। यसलाई त्यस्ता विद्वानहरूसँग जोडेर सम्बोधन गरिएको पाइन्छ ती विद्वानहरूमा नास्तिकहरू पनि पर्छन्। प्रकाश ११:८मा सम्बोधन गरिएको इजिप्टको बारेमा टिप्पणी गर्दै एलेन जी ह्वाइट भन्नुहुन्छ "यो नास्तिकपना वा परमेश्वरको अस्तित्वलाई नस्वीकार्ने प्रवृति हो।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. २६९बाट रूपान्तरित।

***सुन्दरपवित्र पहाडः*** पुरानो करारमा यो कथनले सियोन अर्थात् यरुशलेमलाई जनाउँछ। यो इस्रायलीहरूको मुटु र राजधानी हो। भौगोलिकरूपमा यो प्रतिज्ञा गरिएको भूमिमा अवस्थित छ। तर क्रुसपछि परमेश्वरका जनहरूलाई अब जातीय र भौगोलिकरूपमा व्याख्या गरिदैन। त्यसकारण सुन्दर पवित्र पहाड भन्दा परमेश्वरका जनहरूको प्रतित हुन जान्छ जो संसारभरि फैलिएका छन्।

त्यसकारण, ती घट्नाहरूलाई यसरी अर्थ लगाउन सकिन्छः

(१) दक्षिणको राजाले उत्तरको राजामाथि आक्रमण गर्दछन्: फ्रान्सको जनक्रान्तिले धर्मलाई मेट्न खोजेको थियो र पोपलाई बन्धनमा राखेर पोपीय शक्तिलाई परास्त गर्न खोजेको थियो तर असफल भयो। (२) उत्तरको राजाले दक्षिणको राजामाथि आक्रमण गर्दछन्: पोप र उनका गठबन्धनले निर्माण गरेका धर्मको शक्तिलाई नास्तिक र परास्त गरिएका शत्रुहरू (धार्मिक, राजनैतिक, दार्सनिक)को शक्तिले माथ गर्नेछ। (एडोम, मोआब र आमोनको प्रतिष्ठित मानिसहरू भाग्नेछन्: परमेश्वरका सत्य जनहरूमा नगनिएका कतिपय मानिसहरू अन्तिम समयमा परमेश्वरको आस्थामा आउनेछन्। (४) उत्तरका राजाले पवित्र पहाडमाथि आक्रमण गर्न खोज्दछन् तर त्यस राजाको अन्त्य हुनेछः दुष्टका शक्तिहरूलाई नाश गरिनेछ र परमेश्वरको राज्यको स्थापना गरिनेछ।

**अन्तमा परमेश्वर र उहाँका जनहरू बिजयी हुनेछन् भन्ने परमेश्वरको वचनले तपाईंलाई कस्तो सान्त्वना मिल्दछ?**

## उपसंहारः

**थप जानकारीः** दानिएल ११:२९-३९को बीचमा उल्लेख गरिएको घृणित कुराहरूको बिनाशलाई सुधारवादी अगुवा इसाई मार्टिन लुथरले पोप, उनका सिद्धान्त वा शिक्षादीक्षा र व्यवहारसँग केही हदमा पहिचान गर्नुलाई रोचक नै मान्नुपर्दछ। त्यसैले मार्टिन लुथर र अरू धेरै प्रोटेस्टेन्ट वा सुधारवादी इसाई विद्वानहरूले दानिएल ११सँग दानिएल ७ र ८ मिलाएर त्यसको अर्थलाई पोप र उनका शिक्षादीक्षा हुन् भनेर स्वीकार्दा इतिहासमा भविष्यवाणी पूरा भएको देखाउँछ। यस सन्दर्भमा एलेन जी ह्वाइट भन्नुहुन्छः "राजनैतिक रोमको साम्राज्यको राज्यप्रणालीमा रहेको कुनै पनि चर्चले विवेकको स्वतन्त्रतालाई पूर्णरूपमा धेरै समयसम्म उपभोग गर्न पाएको त थिएन । तर पोपले धार्मिक

अधिकारलाई आफ्नो हातमा पार्ने वितिक्कै उनले आफ्नो हात फैलाएर उनलाई मात्र अस्वीकार गर्ने विश्वासीहरूलाई धुलोपिठो गर्न खोजेका थिए। उनको करकापमा एक एक गरेर चर्चहरूले उनको वा पोपको अधीनमा आत्मसपर्पण गरे।"-द ग्रेट कन्त्रोभर्सी, पृ. ६२बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. युगको अन्तमा रोम वा पोपतन्त्रले खेल्ने भूमिकालाई बाइबलसम्मत नभएको भनेर जानेपछि कसैको चित्त नदुखाइ त्यस सिद्धान्त विपरीत चल्नेहरूसँग सम्झौता नगर्न हामीले कसरी सिक्ने?

आ. दानिएल ११:३३मा उल्लेख गरिएको छ "जो बुद्धिमान् छन्, तिनीहरूले धेरै मानिहरूलाई शिक्षा दिनेछन्, यद्यपि केही समयको लागि तिनीहरू तरवारको शिकार बन्नेछन् वा आगोले जलाइनेछन् वा कैदमा पर्नेछन् वा लुटिनेछन्।" परमेश्वरका केही जनहरूको गति के हुनेछ भनेर उपर्युक्त पदले कसरी देखाउँछ? येशूका कतिपय आस्थावानहरूको हत्या गरिनुभन्दा अघि तिनीहरूले के गरिरहेका थिए भनेर त्यस पदले के भन्दछ? वर्तमान समयमा त्यसले के सन्देश दिएको छ?

इ. दानिएल ११:३६मा लेखिएको छः " "त्यस राजाले जे मन लाग्यो त्यही गर्नेछ। उसले आफैलाई हरेक देवभन्दा माथि उचाल्नेछ र देवहरूका पनि परमेश्वरको विरुद्धमा कहिल्यै नसुनिएका कुरा गर्नेछ। क्रोधको समय समाप्त नहोउञ्जेल त्यो सफल हुनेछ, किनभने जे निश्चय गरिएको छ, त्यो पूरा हुनैपर्छ।" कसको बारेमा यो भनिएको हो? हेर्नुहोस् यशैया १४:१२-१७ " १२ ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। १३ तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।" १५ तर तँ चिहानसम्म, खाड़लको तल्लो गहिराइसम्मै होच्याइस्। १६ तँलाई देख्नेहरूले तँलाई एक टक लाएर हेर्नेछन्, र तेरो भाग्यमाथि ध्यानसित गुनेर भन्नेछन्, "पृथ्वीलाई हल्लाउने तथा राज्यहरूलाई थरहरी पार्ने १७ त्यो त्यही

मानिस हो, जसले संसारलाई मरुभूमि बनायो र त्यसका सहरहरूलाई पराजय गऱ्यो? कैदीहरूलाई घर जानलाई नदिने के यो त्यही मानिस हो?" र २ थेस्सोलिनिकी २:१-४ " १ भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टका आगमनको विषयमा र उहाँलाई भेट्न हामी एकसाथ भेला हुने विषयमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, २ कि कुनै अगमवाणी वा वचन वा कुनै पत्रले प्रभुको दिन नजिक आएको छ भनी बतायो भने, ती हामीबाट आएका भन्ठानेर तिमीहरूको मन चाँड़ै विचलित नहोस् अथवा तिमीहरू नआत्तिओ। ३ कसैले कुनै किसिमले तिमीहरूलाई धोका नदेओस्। किनकि पहिले विद्रोह नभएसम्म पापको मानिस, अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन। ४ त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ।"

ई. दानिएल ११:२७,२९ र ३५मा "तोकिएको समय" लामोएड **lammo'd** भनिएको छ। जगतको इतिहास परमेश्वरको नियन्त्रणमा छ भनेर त्यसले हामीलाई फेरि कसरी बताउँछ?

## कथा १२

## परमेश्वरको वचन सुनाउन स्वयंसेवक हुने मोह

### ज्वायस

एक दिन सम्पादक आन्द्र्यु मेकचेसनीले ज्वायसलाई सोधे, "तपाईं सुसमाचार सुनाउन स्वयंसेविका किन हुनुभयो?" त्यसको जवाफमा उनले यो कथा सुनाइन्।

मेरी एउटी दिदी छिन्। उनको नाउँ सारा हो। उनी मुटुको रोग लिएर जन्मिएकी थिइन्।त्यसप्रति मेरा हजुरबा र हजुरआमा अत्यन्तै चिन्तित भएका थिए। तिनीहरूले उनको निम्ति आफ्नो देशमा भएका सबै उत्तम अस्पतालहरू चाहारे। तर कुनै पनि डाक्टरले उनलाई निको पार्न सकेनन्। त्यसकारण मेरा हजुरबा र हजुरआमा हामीले मान्ने गरेका देउताहरूको मन्दिरमा गयौं, पूजा गऱ्यौं तर त्यहाँ पनि कसैले उनलाई सहयोग गर्न सकेन। अन्तमा आफूले केही गर्न नसकेपछि डाक्टरले मेरा बाबुआमालाई भने "जे भएपनि सारालाई तपाईंहरूले सक्दो स्याहार गर्नुहोस्। उनलाई जे खान मनलाग्छ वा खेल्न मनलाग्छ त्यहीं दिनुहोस्।र उनलाई खुशी राख्नुहोस्।"

एक दिनको कुरा हो जब सारा सात वर्षकी भइन् एक जना सेभेन्थ-डे एडभेन्टिस्ट आफन्त धेरै टाढाबाट हामीलाई भेट्न आउनुभयो। साराको बारेमा धेरै चिन्ता गरिरहनुहुने मेरी हजुरआमालाई उनले भनिन्"यदि तपाईंले येशूलाई विश्वास गर्नुभयो भने तपाईंले आशिष पाउनुहुनेछ।"

अर्को साबथ मेरी हजुरआमाले मलाई र मेरी दिदीलाई चर्चमा लानुभयो। चर्चका सबै सदस्यहरू हाम्रो वरिपरि झुम्मिए अनि हाम्रो र साराको निम्ति प्रार्थना पनि गरिदिए।

केही दिनपछि सारालाई डाक्टरकहाँ नियमित चेक अप गर्न लगियो। त्यसबेला उनी त निको भइसकेकी रहिछिन्। उनको मुटु त पूर्णरूपमा सद्दे भएको थियो! डाक्टरले त विश्वासै गर्न सकेनन्। उनले साराको मुटुमा केही बिगार छ कि भनेर धेरै मेडिकल परीक्षण गरे तर साराको मुटुमा केही समस्या नभएको डाक्टरले वताए। यो त अचम्म र आश्चर्यको काम भएको थियो!

त्यस आश्चर्य कामले मेरो परिवारको जीव नै परिवर्तन भयो। मेरी हजुरआमा र मेरा हजुरबुबा नियमित रूपमा प्रत्येक साबथ चर्चमा जान थाले। केही समयपछि तिनीहरूले बप्तिस्मा पनि लिए। अनि मेरा बुबाआमाले

अरूलाई पनि येशूको बारेमा सुनाउन थाले। त्यसपछि उहाँहरूले आफ्नो कामबाट राजिनामा दिनुभयो। उहाँहरूले चर्चमा सुसमाचार प्रचारको निम्ति स्वयंसेवक हुने तालिम लिनुभयो। उहाँहरू ग्लोबल मिशन पायोनियर हुनुभयो। गत वर्ष मैले पनि ग्रोबल मिसन पायोनियर हुने निर्णय गरेँ। मेरो काम बाइबल अध्ययन गर्न चाहनेहरूलाई बाइबल सिकाउने, मानिहरूसँग प्रार्थना गर्ने, सुसमाचार सुनाउने र खाचोमा परेकाहरूलाई सक्दो सहयोग गर्ने। अर्की २३ वर्षकी ग्लोबल मिसन पायोनियरसँग मिलेर म काम गर्छु र भर्खरै हामीले यस सहरमा युवायुवतीहरूको निम्ति नयाँ सेवाकार्य गर्न नयाँ चर्च खोल्यौं।

मेरा आफन्तहरू कसैले पनि मैले सुसमाचारीय काम गर्न किन स्वयंसेवक भए सो बुझ्दैनन्। पैसा कमाउने काममा लाग्न भनेर तिनीहरू मलाई सल्लाह दिन्छन्। आफन्तहरूबाट हतोत्साहित गर्ने र नकारात्मक कुराहरू सुन्नुपर्दा कतिपय समयमा म निराश हुन्छु। तर मेरा बुबाआमाले मेरो निम्ति प्रार्थना गर्नुहुन्छ। मेरी आमा साबथमा उपवास पनि बस्नुहुन्छ र मेरो निम्ति प्रार्थना गर्नुहुन्छ। मेरा बाबुआमाले मलाई बारम्बार सम्झाउनुहुन्छ कि म कुनै मानिसको निम्ति वा निकायको निम्ति काम गरिरहेको छैन तर म परमेश्वरको निम्ति काम गरिरहेको छु।

हो, मेरा बाबुआमाले ठिकै भन्नुभयो। म सनातन सृष्टिकर्ता जीवित परमेश्वरको महिमाको निम्ति काम गर्दैछु। परमेश्वर अत्यन्तै अचम्म र शक्तिशाली हुनुहुन्छ कि उहाँले मेरी दिदीलाई निको पार्नुभयो। म यो विश्वास गर्छु कि परमेश्वरले मेरो हरेक कदमलाई डोऱ्याउनुहुन्छ।

*(स्थान र व्यक्तिको वास्तविक नाउँ संवेदनशीलतको कारण गोप्य राखिएको छ)।*